राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ०५ २०८३ साउन ५ गते मंगलवार (21 July 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## धनुषामा ट्राफिक कारबाहीबाट रु १.१४ करोड राजस्व




दैनिक समाचारदाता
जनकपुरधाम, ४ साउन । जिल्ला ट्राफिक प्रहरी कार्यालय, धनुषाले आर्थिक वर्ष २०८२/८३ मा ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधनमाथि कारबाही गरी रु एक करोड १४ लाख नौ हजार ५०१ राजस्व सङ्कलन गरेको छ। कार्यालयका प्रमुख प्रहरी निरीक्षक खगेन्द्रकुमार दाहालका अनुसार गत आर्थिक वर्षमा १२ हजार ६०३ सवारीसाधनमाथि कारबाही गरिएको थियो। अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा २८ हजार ५३८ सवारीसाधनमाथि कारबाही गर्दा रु दुई करोड २१ लाख १० हजार ५०० राजस्व सङ्कलन भएको थियो।

त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा धनुषामा एक हजार ३५८ सवारी दुर्घटना हुँदा ८२ जनाको मृत्यु भएको छ भने दुई हजार १९८ जना घाइते भएका छन्। अघिल्लो आर्थिक वर्षमा एक हजार २२१ सवारी दुर्घटनामा ८४ जनाले ज्यान गुमाएका थिए।पछिल्ला केही वर्षयता जिल्लामा सवारी दुर्घटनाको सङ्ख्या बढे पनि दुर्घटनाबाट हुने मानवीय क्षतिमा केही कमी आएको देखिएको प्रहरीको भनाइ छ। सडकको कमजोर अवस्था, तीव्र गति र मानवीय लापरवाही दुर्घटनाका प्रमुख कारण भए पनि ट्राफिक सचेतना कार्यक्रम र नियमित चेकजाँचका कारण मृत्यु हुनेको सङ्ख्या घट्दै गएको प्रहरी निरीक्षक दाहालले बताउनुभयो।

भू-संरक्षणमा ध्यान दिऔं

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-वनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू-रक्षाः जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड

# ई-रिक्सा लाइसेन्सलाई प्रभावकारी बनाउन 'छलफल'




दैनिक समाचारदाता
जनकपुरधाम, ४ साउन । धनुषामा सञ्चालनमा रहेका ई(रिक्साको व्यवस्थापन, दर्ता तथा चालक अनुमतिपत्र (लाइसेन्स) प्रणालीलाई प्रभावकारी बनाउने विषयमा सरोकारवालाबीच व्यापक छलफल भएको छ ।
कायापलनको आयोजनामा सोमबार जनकपुरधाममा भएको छलफलमा मधेश प्रदेशको भौतिक पूर्वाधार, यातायात तथा सहरी विकास मन्त्रालय, जनकपुरधाम उपमहा नगरपालिका, जिल्ला ट्राफिक प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, सशस्त्र प्रहरी, नागरिक समाज, पत्रकार तथा ई(रिक्सा चालक संगठनका प्रतिनिधिको सहभागिता रहेको थियो ।
छलफलमा अव्यवस्थित रूपमा सञ्चालन भइरहेका ई(रिक्साका कारण दुर्घटनाको जोखिम बढ्दै गएको भन्दै यसको दर्ता, लाइसेन्स वितरण प्रक्रिया, कानुनी व्यवस्था तथा ट्राफिक नियमको प्रभावकारी कार्यान्वयनबारे गम्भीर छलफल भएको थियो ।
ई(रिक्सा चालकहरूले लाइसेन्स वितरणलाई व्यवस्थित बनाउनु सकारात्मक कदम भए पनि अधिकांश चालक औपचारिक शिक्षाबाट वञ्चित रहेकाले लिखित परीक्षाभन्दा ट्रायललाई प्राथमिकता दिएर लाइसेन्स वितरण गर्ने व्यवस्था गर्नुपर्ने सुझाव दिएका छन् ।
यद्यपि, केही सहभागीले ट्रायलसँगै सामान्य स्तरको लिखित परीक्षा पनि आवश्यक रहेको धारणा राखे । उनीहरूले चालकले ट्राफिक चिन्ह बुझ्न सक्ने, आधारभूत साक्षरता भएको र ट्राफिक नियमसम्बन्धी न्यूनतम ज्ञान अनिवार्य हुनुपर्नेमा जोड दिए ।
सहभागीहरूले धार्मिक तथा ऐतिहासिक नगरीका साथै मधेश प्रदेशको राजधानीसमेत रहेको जनकपुरधाममा ई(रिक्सा सञ्चालनलाई व्यवस्थित गर्न दर्ता अनिवार्य गर्ने, चालकले परिचय खुल्ने ज्याकेट लगाउने तथा सम्बन्धित स्थानीय तहमा दर्ता भएका ई(रिक्सा सोही पालिकाभित्र सञ्चालन हुने व्यवस्था गर्नुपर्ने सुझाव दिएका छन् ।
त्यसैगरी, जनकपुरधामका सडकको नामकरण, मुख्य सडकमा एकतर्फी (वन(वे) र दुईतर्फी (टु(वे) सवारी व्यवस्थापन लागू गरी ई(रिक्सासहित अन्य सवारी साधनको सञ्चालनलाई थप व्यवस्थित बनाउनुपर्ने आवश्यकता औंल्याइएको थियो ।
कार्यक्रममा मन्त्रालयका धनन्य सिंह, यातायात व्यवस्था कार्यालयका अरविन्दलाल कर्ण, जनकपुरधाम उपमहा नगरपालिकाका परमेश झा, इन्सेकका राजु पासमान, पत्रकार कैलास दास, गोविन्द महतो, शिव यदुवंशीलगायतले आ(आफ्नो धारणा तथा सुझाव प्रस्तुत गरेका थिए ।


## जग्गा वर्गीकरण नगरेका करिब ४ सय पालिकामा कित्ताकाट रोकियो

दैनिक समाचारदाता
काठमाडौं, ४ साउन । जग्गा वर्गीकरण नगरेका देशभरका करिब ४ सय महानगरपालिका, नगरपालिका र गाउँपालिकामा साउन महिनादेखि जग्गा कित्ताकाट रोकिएको छ।
भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ अनुसार भूमिको समुचित उपयोग तथा प्रभावकारी व्यवस्थापनका लागि जग्गा वर्गीकरण अनिवार्य गरिएको छ। वर्गीकरण पूरा नगरेका स्थानीय तहमा अब नियमित रूपमा कित्ताकाट गर्न नपाइने व्यवस्था लागू भएको हो।
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टका अनुसार अंशबण्डा वा अदालतको आदेशबमोजिम गर्नुपर्ने कित्ताकाटबाहेक अन्य सबै प्रकारका कित्ताकाट रोकिएको छ।




सरकारले २०८२ कात्तिकमा भूउपयोग नियमावली संशोधन गर्दै २०८३ असार मसान्तसम्म वर्गीकरण नगरेका पालिकामा पनि कित्ताकाट गर्न दिने अस्थायी व्यवस्था गरेको थियो। उक्त समयसीमा सकिएसँगै वर्गीकरण पूरा नगरेका पालिकामा कित्ताकाट स्वतः रोकिएको हो।
नापी विभागका सूचना अधिकारी दयानन्द जोशीका अनुसार हालसम्म साढे तीन सयभन्दा बढी स्थानीय तहले जग्गा वर्गीकरण सम्पन्न गरिसकेका छन्। वर्गीकरण सम्पन्न गरेका पालिकाको विवरण अद्यावधिक गर्ने काम जारी रहेको उहाँले बताउनुभयो।
सरकारले कृषियोग्य जमिन संरक्षण र योजनाबद्ध भू-उपयोग सुनिश्चित गर्न जग्गा वर्गीकरणलाई अनिवार्य बनाएको हो।
यता गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालकी अध्यक्ष लक्ष्मी न्यौपानेले स्थानीय तहमा दक्ष जनशक्तिको अभावका कारण वर्गीकरण कार्य समयमै सम्पन्न हुन नसकेको बताउँदै सरकारले समयसीमा थप गरी तत्कालका लागि कित्ताकाट खुला गर्नुपर्ने माग गर्नुभएको छ। उहाँका अनुसार जग्गा वर्गीकरण स्थानीय तहका जटिल कार्यमध्ये एक भएकाले आवश्यक प्राविधिक र जनशक्ति सहयोगबिना निर्धारित समयभित्र काम सम्पन्न गर्न कठिन भएको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# उद्योगलाई दण्ड, प्रदूषणलाई चेतावनी

पर्सा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिकाले वातावरणीय मापदण्ड उल्लङ्घन गरेको आरोपमा वीरगञ्ज-पथलैया औद्योगिक करिडोरका तीन ठूला उद्योगलाई जरिवाना गर्ने निर्णय केवल प्रशासनिक कारबाही मात्र होइन, वातावरणीय सुशासनतर्फको महत्त्वपूर्ण संकेत पनि हो । वर्षौंदेखि स्थानीयवासीले औद्योगिक प्रदूषणका कारण भोग्दै आएको सास्तीप्रति राज्य संयन्त्रले अन्ततः जिम्मेवारी देखाएको सन्देश यस निर्णयले दिएको छ ।

औद्योगिकीकरण आर्थिक विकासको प्रमुख आधार हो । उद्योगले रोजगारी सिर्जना गर्छन्, उत्पादन बढाउँछन् र राजस्वमा योगदान पुऱ्याउँछन् । तर विकासको नाममा वातावरणीय दायित्वबाट उद्योगहरू मुक्त हुन सक्दैनन् । उत्पादनसँगै निस्कने फोहोर, रसायनयुक्त पानी, तेलजन्य पदार्थ र धुलोको वैज्ञानिक व्यवस्थापन नगर्दा त्यसको प्रत्यक्ष असर स्थानीय समुदायको स्वास्थ्य, कृषि, जलस्रोत र समग्र पर्यावरणमा पर्छ । त्यसैले उद्योग सञ्चालनको अधिकारसँगै वातावरण संरक्षणको दायित्व पनि उत्तिकै अनिवार्य हुन्छ ।

जीतपुरसिमराका स्थानीयले वर्षौंदेखि खोलामा मिसिने रसायनयुक्त पानी, दुर्गन्ध, धुलो र औद्योगिक लेदोका कारण खेतीपाती, आवतजावत र दैनिक जीवन प्रभावित हुँदै आएको गुनासो गर्दै आएका थिए । कतिपयले दूषित पानीका कारण छालासम्बन्धी समस्या र कृषि उत्पादनमा ह्रास आएको अनुभवसमेत सुनाएका छन् । यस्ता गुनासा लामो समयसम्म बेवास्ता हुनु राज्यका नियामक निकायको कमजोरी थियो। त्यसैले अहिलेको कारबाहीलाई ढिलै भए पनि सही दिशामा चालिएको कदम मान्न सकिन्छ ।

उद्योगहरूले जरिवानाको आधार स्पष्ट नभएको वा आफूहरूले प्रशोधन संयन्त्र सञ्चालन गरिसकेको दाबी गरेका छन्। यदि त्यस्ता दाबी सत्य छन् भने त्यसको प्रमाण प्रस्तुत गर्ने र कानुनी प्रक्रियाबाट आफ्नो पक्ष राख्ने अधिकार उनीहरूलाई छ । तर उद्योगको आर्थिक हैसियत वा प्रभावका आधारमा वातावरणीय उत्तरदायित्वबाट उन्मुक्ति भने कसैले पाउनु हुँदैन । यस घटनाले अर्को महत्त्वपूर्ण प्रश्न पनि उठाएको छ–के जरिवाना मात्रै पर्याप्त हुन्छ? यदि प्रदूषणका स्रोत यथावत् रहन्छन् भने केही लाख रुपैयाँको दण्डले वातावरणीय क्षति रोक्न सक्दैन। त्यसैले सुधारात्मक कार्यको नियमित अनुगमन, स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको पूर्ण कार्यान्वयन, फोहोर व्यवस्थापन प्रणालीको आधुनिकीकरण र स्थानीय समुदायको सहभागितासहितको निगरानी व्यवस्था अपरिहार्य छ। अन्यथा जरिवाना केवल औपचारिक प्रक्रिया बन्नेछ।


नेपालमा वातावरण संरक्षणसम्बन्धी कानुनको अभाव छैन, तर कार्यान्वयन कमजोर छ। उद्योगहरूलाई कानुनको दायरामा ल्याउने कार्य देशभर समान रूपमा लागू हुन सके मात्रै वातावरणीय न्याय स्थापित हुन्छ। वीरगञ्ज-पथलैया औद्योगिक करिडोरको यो कारबाही अन्य औद्योगिक क्षेत्रका लागि पनि चेतावनी र उदाहरण बन्नुपर्छ। विकास र वातावरणलाई एकअर्काको विरोधी होइन, परिपूरक रूपमा हेर्नुपर्ने समय आएको छ। स्वच्छ वातावरण नागरिकको मौलिक अधिकार हो भने वातावरणमैत्री उत्पादन उद्योगहरूको सामाजिक दायित्व हो। जीतपुरसिमराको पछिल्लो कदमले यही सन्देश दिएको छ। अब यो अभियान एकपटकको कारबाहीमा सीमित नरही दीर्घकालीन वातावरणीय सुशासनको आधार बन्न सक्यो भने मात्र यसको वास्तविक अर्थ र प्रभाव स्थापित हुनेछ।

# दिगो कृषि र बजार विस्तार: राष्ट्रिय अर्थतन्त्रको बलियो आधार

*शिवबहादुर नेपाली प्रधान*

हामी सबैले बुझेका छौं, समय परिवर्तनशील छ। तर हामी यो हिमाली शृङ्खलाको काखमा रहेका नेपालीले हाम्रो युग पनि परिवर्तनशील भएको भोगिरहेका छौं। किनभने हिजोको जस्तो जाडोको स्वभाव आजको जाडोमा छैन, हिजोको जस्तो गर्मीको स्वभाव आजको गर्मीमा छैन। विगतमा जस्तो उच्च जाडो हुन छाडेको छ भने गर्मी भने उच्च हुँदै गएको छ।

वर्षात्को स्वभाव पनि परिवर्तनशील भइरहेको छ। साउने झरी र भदौरे वर्षाको स्वभाव पनि अबको वर्षामा देखिन छाडेको छ। बरु त्यसको साटो आरीघोप्टे वर्षा अर्थात् 'क्लाउड बर्स्ट' भएर डुबान र बाढी आउन थालेको छ। जब यो ग्रह नै परिवर्तनशील छ भने, त्यसमा रहने हामी पनि परिवर्तनको प्रभावमा पर्ने नै भयौं। र, हामी कृषिमा काम गर्ने व्यक्तिहरूले पनि कृषिको चक्र र दैनिकीमा परिवर्तनको प्रभावलाई देख्दै, भोग्दै र खेप्दै आएका छौं।




कृषिलाई केन्द्रमा राखेर हेर्दा, कृषिमा हामीले कस्तो परिवर्तन देखिरहेका छौं भने खाद्यान्न आयात गर्नुपर्ने अवस्था छ। कृषि उत्पादन भएका ठाउँमा किसानले एक होइन अनेक समस्याको सामना गरिरहेका छन्। कहीं हात्तीले दुःख दिएको छ भने कहीं बाँदरको समस्या छ। यकिन समस्या के हो भन्ने निर्क्योल हुन नसक्दा भएका साना समस्या ठूलो प्रकोपका रूपमा मिडिया मार्फत सार्वजनिक भइरहेका छन्।

तर एउटा कुरा निश्चित के छ भने, हामीलाई अन्नबाली जोगाउन हम्मेहम्मे परिरहेको छ। अर्कोतिर जे-जति उत्पादन भएको छ, त्यो हामी निकासी पनि गर्न सकिरहेका छैनौं वा त्यसको स्थानीय बजारमा बजारीकरण र विस्तार पनि गर्न सकिरहेका छैनौं। यो दुःखको कुरा हो। तर दुःख छ भन्दैमा दुःख निवारणका उपाय छैनन् भन्ने होइन। कुनै समस्या छ भने समस्या समाधानका एक होइन, अनेक उपाय हुन्छन्।

हामीले सधैं नेपाललाई 'कृषिप्रधान देश' भन्दै आइरहेका छौं। त्यसो किन भनियो भन्ने प्रश्नको एउटा उत्तर के हो भने, आम नेपालीको जीविकाको आधार नै कृषि थियो। आम नेपालीले आफ्नो जीविकाका लागि अनिवार्य रूपमा खेती नै गर्नुपर्ने थियो, किनभने अन्य कुनै आधार थिएन। त्यसै हुनाले देश कृषिप्रधान बनेको हो। सरकारको प्राथमिकता, राष्ट्रिय योजनाको कार्यान्वयनमा कृषि उच्च स्थानमा छ कि छैन भन्ने चाहिं बेग्लै बहसको पाटो हुन सक्छ।

यहाँनेर म आफ्नो जीवन भोगाइका आधारमा के भन्छु भने, निर्वाहका लागि खेती गरिंदै आएको विगतको नेपाली समाजमा खाद्यान्नले नै प्राथमिकता पाएको थियो। तर जब कृषि विकासका लागि वैकल्पिक र लाभदायक खेती-फसलका सम्भावनाहरूमा काम हुँदै जाँदा, खाद्यान्नभन्दा तरकारी र फलफूल खेती हुने ठाउँमा तिनको प्रवर्धन गर्दै जाँदा तरकारी र फलफूल खेतीबाट किसानले राम्रो आम्दानी गरेर जीवनस्तर उकास्न सफल भए। विगतमा स्थानीय बजारमा सीमित आलु उत्पादन राम्रो हुँदै गएर अहिले केही मात्रामा आलुको बीउ निर्यात भइरहेको छ।

त्यस्तै हरियो तरकारी पनि केही रूपमा निर्यात हुन थालेको छ। केरा र आँप आयात बन्द गरिदिंदा यहाँका किसानले राम्रो मूल्य पाएका छन्। तर यो सबै केही उदाहरण हुन्। मूलप्रवाहीकरण हुनुपर्ने यी उदाहरण मूलप्रवाहीकरण हुनसकेका छैनन्। त्यसैले अबको हाम्रो राष्ट्रिय आवश्यकता हो- खाद्यान्न र पोषण सुरक्षाका लागि दिगो कृषि।

यसो हेर्दा जहाँतहीं समस्या मात्र छन् जस्तो देखिन्छ। तर कुनै पनि चुनौतीले बहुल अवसरहरू पनि उपलब्ध गराइरहेका हुन्छन् भन्ने हामीले बिर्सनुहुँदैन। कुनै पनि देशलाई आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा अघि बढाउनका लागि निजी क्षेत्र नै गतिशीलताको आधार हो भन्ने विश्व अनुभवले पुष्टि गरिसकेको छ। 'प्राइभेट सेक्टर इज इन्जिन अफ ग्रोथ' त्यसै भनिएको होइन। यही कुरा कृषिको हकमा पनि लागू हुन्छ।

कृषि उत्पादन वृद्धि गर्ने दुई तरिका छन्– एउटा खेती गर्ने क्षेत्र बढाउँदै जानु र अर्को उत्पादकत्व बढाउनु। यसमा 'प्लान्ट न्युट्रिसन' ( बाली पोषण) र 'वाटर युटिलाइजेसन' (पानीको व्यवस्थापन) को काम मिहिन ढङ्गले हुनुपर्छ। हामीले उन्नत बीउको उपयोग र बालीको पोषणका कुरालाई त्यति ध्यान दिन सकेका छैनौं भने पानीको उपयोगमा पनि पछि नै छौं। कुनै पनि कृषि वस्तुको राम्रो उत्पादन भयो भने यसको बजारभाउ पनि राम्रो हुन्छ।

उत्पादनलाई त्यसको गुणको हिसाबले 'ग्रेडिङ' गर्दा पनि बजार विस्तार हुन्छ। तर त्यसका लागि चाहिने 'पोस्ट हार्भेस्टिङ' विधि र प्रक्रियाबारे हामीले बुझाउनै सकेका छैनौं। बुझाएका छौं भने पनि त्यो कार्यान्वयन गराउनै सकेका छैनौं। कुनै पनि उत्पादनलाई राम्रो गुणको राम्रै भाउ, मध्यम गुणको मध्यम भाउ र कमसल उत्पादनलाई अन्य औद्योगिक वा घरेलु उत्पादनमा हामीले लैजानै सकेनौं अहिलेसम्म। त्यो हाम्रो अहिलेसम्मको कमजोरी हो।

दुग्ध व्यवसाय फस्टाएको यतिका वर्षपछि बल्ल हामी मोही, दही, मक्खन, मिठाईमा विविधीकरण गर्न सक्ने भएका छौं, नत्र 'मिल्क होलिडे' को मारमा थियौं। अर्कोतिर ती दुग्धजन्य पदार्थको राम्रो बजारीकरण अझै हुनसकेको छैन। त्यसो हुन सक्दा खपत पनि स्वतः बढ्छ। अहिले जसरी खाद्य संस्थान र साल्ट ट्रेडिङको स्टलमा बिक्रीको मात्रा बढ्दै गएको छ, त्यसको कारण शहरबजारमा जनसङ्ख्या वृद्धि हुँदा र सरकारी ब्रान्डप्रतिको विश्वासका कारणले हो। बिक्रीको त्यो ग्राफले बजार विस्तार पुष्टि गरिसकेको अवस्थामा, त्यसलाई सबलीकरण र विस्तार गर्न गर्नुपर्ने काम भने हुन नसकेको देखिन्छ।

यहाँ एउटा उदाहरण पेश गरौं। म नेपाल सरकारको कर्मचारीको हैसियतले अध्ययन भ्रमणमा जापान जाँदा एकपटकको ट्रेनको यात्रामा बीउ नभएको सुन्तला (सिडलेस सिट्रस) १५० येनमा तीन पोका लियौं। पोकाभित्र जालीको सानो थैली थियो। जाली खोलेर हेर्दा जापानी र अङ्ग्रेजी भाषामा लेखिएको थियो- 'बोक्रा झोलामा राखेर कुनै ठाउँको फोहोर फाल्ने डब्बामा राखिदिनुहोला।' मलाई उत्सुकता जाग्यो र दोभाषेलाई सोधें- 'किन यसो गरेको ?' उनले भने, 'यी बोक्राहरू सबै सङ्कलन गरिन्छन् र उद्योगमा लगिन्छ।'

त्यहाँ पहिले सुन्तलाको बोक्राबाट तेल निकालिन्छ। तेल अर्थात् अरेन्ज आयल, जुन साबुन, फोहोर सफा गर्ने झोल, डिटर्जेन्टमा उपयोग हुन्छ। त्यसपछि सुन्तलाको बोक्राको भित्री तहमा हुने सेतो भाग कस्मेटिकको उत्पादनमा उपयोग गरिन्छ र बाँकी रहेका बोक्राका अवशेषलाई सबै सुकाएर धुलो बनाएर कुखुराको दानामा मिसाइन्छ। कुनै कुरा खेर जाँदैन। हामीले त्यो तहको काम केही पनि गर्नै सकेका छैनौं।

यदि फलफूल उत्पादन हुने क्षेत्रमा हामीले सङ्कलन केन्द्र र 'पोस्ट हार्वेस्ट टेक्नोलोजी' लाई अपनाउन सक्यौं र उत्पादनलाई सुरक्षित पार्ने 'फ्रुट प्रिजर्भेसन' को काम पनि गर्‍यौं भने हामीले धेरै फाइदा लिन सक्छौं। यो काम स्याउ, नास्पाती, स्ट्रबेरी, आरू, आरुबखडा, जुनार लगायत फलफूल उत्पादन हुने ठाउँमा गर्न सकिंदा धेरै लाभ लिन सकिन्छ। यो लाभ किसान, उद्योगी र समग्र देशकै हितमा हुन्छ।

अर्कोतिर पशुपालनमा पनि हामीले केही सुधार तत्काल गर्नुपर्ने देखिन्छ। उच्च पहाडी क्षेत्र जहाँ हामीले पशुपालन गरिआएका छौं, विशेषगरी भेडापालनमा हामीले ऊन काट्नका लागि खुर्पाकै उपयोग

बाँकी पृष्ठ ३मा

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# एक रुपैयाँको सिक्काको नयाँ डिजाइन मन्त्रिपरिषद्बाट फिर्ता

दैनिक समाचारदाता

काठमाडौं, ४ साउन । एक रुपैयाँको सिक्काबाट नेपालको नक्सा हटाएर मुस्ताङस्थित ऐतिहासिक घार गुम्बाको चित्र राख्ने प्रस्तावित डिजाइन मन्त्रिपरिषद्ले परिमार्जनका लागि फिर्ता पठाएको छ।

नेपाल राष्ट्र बैंकले एक रुपैयाँको सिक्कामा नेपालको सबैभन्दा पुरानो मानिने घार गुम्बाको चित्र राख्ने गरी नयाँ डिजाइन तयार गरेको थियो। नोट तथा सिक्का डिजाइन समितिबाट तयार गरिएको उक्त डिजाइन राष्ट्र बैंकको सञ्चालक समितिले स्वीकृत गरी अन्तिम स्वीकृतिका लागि अर्थ मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा पठाइएको थियो।

तर मन्त्रिपरिषद्ले सिक्कामा नेपालको नक्सासमेत समावेश गरी संशोधित डिजाइन पेस गर्न निर्देशन दिएको राष्ट्र बैंक स्रोतले जनाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्रोतले पनि अर्थ मन्त्रालयमार्फत राष्ट्र बैंकलाई नयाँ डिजाइन तयार गर्न भनिएको पुष्टि गरेको छ।

नेपाल राष्ट्र बैंक ऐनअनुसार कुनै पनि नोट वा सिक्काको नयाँ डिजाइन वा डिजाइन परिवर्तन मन्त्रिपरिषद्को स्वीकृतिपछि मात्र कार्यान्वयन गर्न सकिन्छ।

राष्ट्र बैंकले एक रुपैयाँ र १० रुपैयाँका सिक्काको डिजाइनसँगै टकमरी गर्ने धातु र तौलसमेत परिवर्तन गर्ने प्रस्ताव गरेको थियो। हाल एक रुपैयाँको सिक्कामा नेपालको नक्सा रहेको छ भने नयाँ प्रस्तावमा त्यसको सट्टा घार गुम्बाको चित्र राखिएको थियो।

राष्ट्र बैंकका अनुसार नयाँ डिजाइनको उद्देश्य कुनै राजनीतिक सन्देश दिनु नभई नेपालको बौद्ध सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्नु हो। घार गुम्बाको चित्र राखिए पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ। सिक्काको डिजाइन परिवर्तनको तयारी वर्तमान सरकार गठन हुनुभन्दा धेरै अघिदेखि नै सुरु भएको राष्ट्र बैंकले स्पष्ट पारेको छ।

नेपालले २०७७ सालमा संविधान संशोधन गरी लिम्पियाधुरासहितको चुच्चे नक्सा राष्ट्रिय निशान छापमा समावेश गरेपछि छापिएका एक र दुई रुपैयाँका सिक्का तथा १०० रुपैयाँको नोटमा उक्त नक्सा राखिएको छ।

### एक रुपैयाँको सिक्का सेतो धातुमा

राष्ट्र बैंकले प्रस्ताव गरेको नयाँ डिजाइनअनुसार एक रुपैयाँको सिक्का पहेँलोको सट्टा सेतो धातुबाट टकमरी गर्ने योजना बनाएको छ। हाल एक रुपैयाँको सिक्का उत्पादन गर्न दुई रुपैयाँभन्दा बढी खर्च लाग्ने भएकाले लागत घटाउन र तौल कम गर्न धातु परिवर्तन गर्न लागिएको स्रोतले जनाएको छ।

### डिजाइन कसरी स्वीकृत हुन्छ?

नेपाल राष्ट्र बैंक नोट तथा सिक्का नियमावली, २०५९ अनुसार गभर्नरको अध्यक्षतामा गठन हुने नोट तथा सिक्का डिजाइन समितिले नयाँ डिजाइन तयार गर्छ। समितिमा डेपुटी गभर्नरहरू, प्रज्ञा प्रतिष्ठानका भाषाविद्, पुरातत्व विभागका महानिर्देशक, वन्यजन्तु विभागका प्रतिनिधि, त्रिभुवन विश्वविद्यालयका इतिहास प्राध्यापक तथा नोट।सिक्का विशेषज्ञ सदस्य रहने व्यवस्था छ।



समितिले तयार गरेको डिजाइन राष्ट्र बैंकको सञ्चालक समितिले स्वीकृत गरेपछि अर्थ मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा पठाइन्छ। मन्त्रिपरिषद्को अन्तिम स्वीकृतिपछि मात्र नयाँ डिजाइनका नोट वा सिक्का प्रचलनमा ल्याउन पाइन्छ।

### घार गुम्बाको महत्त्व

मुस्ताङको उपल्लो क्षेत्रमा रहेको घार गुम्बा (लो घेकर गुम्बा) नेपालकै सबैभन्दा पुरानो बौद्ध गुम्बा मानिन्छ। आठौं शताब्दीमा गुरु पद्मसम्भवले स्थापना गरेको विश्वास गरिएको यो गुम्बा विश्वका प्राचीन बौद्ध सम्पदामध्ये एक हो। बौद्ध सम्पदालाई राष्ट्रिय मुद्रा प्रणालीमा प्रतिनिधित्व गराउने उद्देश्यले यसको चित्र सिक्कामा राख्ने प्रस्ताव गरिएको राष्ट्र बैंकले जनाएको छ।

### १० रुपैयाँको सिक्कामा भूर्ति देवल

राष्ट्र बैंकले १० रुपैयाँको सिक्काको डिजाइन परिवर्तन गर्दै दैलेखस्थित ऐतिहासिक भूर्ति देवलको चित्र राख्ने प्रस्ताव पनि गरेको छ। नारायण नगरपालिका(७ मा रहेका २२ वटा देवल खस मल्लकालीन वास्तुकलाका महत्वपूर्ण सम्पदा हुन्। भविष्यमा १० रुपैयाँको सिक्का टकमरी गर्दा यही डिजाइन प्रयोग गर्ने तयारी गरिएको राष्ट्र बैंक स्रोतले जनाएको छ।

# यी ६ खानेकुरा फ्रिजमा नराख्नुहोस्

गर्मी मौसममा खानेकुरा लामो समयसम्म ताजा राख्न धेरैजसोले तरकारी, फलफूल र अन्य खाद्य सामग्री फ्रिजमा राख्ने गर्छन्। तर सबै खानेकुरा फ्रिजमा राख्नु उपयुक्त हुँदैन। केही खाद्यवस्तु चिसो तापक्रमका कारण झन् छिट्टै बिग्रिने, स्वाद गुमाउने वा गुणस्तर घट्ने सम्भावना हुन्छ। त्यसैले कुन खानेकुरा फ्रिजमा नराख्ने भन्ने जानकारी हुनु आवश्यक छ।

### आलु

आलुलाई फ्रिजमा राख्दा त्यसमा रहेको स्टार्च छिट्टै चिनीमा परिणत हुन्छ। यसले आलुको स्वाद र बनावट दुवै परिवर्तन गर्छ। आलुलाई सुख्खा, हावा चल्ने र अँध्यारो स्थानमा राख्नु उपयुक्त हुन्छ।

### प्याज

फ्रिजको आर्द्रताले प्याज गिलो बनाउँछ। यसले गर्दा प्याज चाँडै कुहिने र ढुसी लाग्ने जोखिम बढ्छ। त्यसैले प्याजलाई खुला र



सुख्खा ठाउँमा राख्नु राम्रो हुन्छ।

### लसुन

लसुनलाई फ्रिजमा राख्दा यसको स्वाद र गुणस्तरमा असर पर्न सक्छ। यसलाई पनि सुख्खा, हावा चल्ने र पानी नपर्ने स्थानमा भण्डारण गर्नु उपयुक्त हुन्छ।

### केरा

केरालाई फ्रिजमा राख्दा यसको बोक्रा चाँडै कालो हुन्छ र पाक्ने प्रक्रिया प्रभावित हुन्छ। त्यसैले केरालाई सामान्य कोठाको तापक्रममै राख्नु राम्रो मानिन्छ।

### मह

महलाई फ्रिजमा राख्दा यो जमेर बाक्लो र कडा हुन्छ, जसले प्रयोग गर्न असहज बनाउँछ। महलाई सधैं राम्रोसँग बन्द गरिएको भाँडोमा कोठाको तापक्रममै राख्नुपर्छ।

### गोलभेडा

गोलभेडालाई फ्रिजमा राख्दा यसको स्वाद, सुगन्ध र प्राकृतिक बनावटमा असर पर्छ। चिसो तापक्रमले स्वाद विकास गर्ने इन्जाइमहरू निष्क्रिय बनाउँछ र भित्री कोषिका फुट्ने भएकाले गोलभेडा गिलो हुन्छ। धेरै पाकिसकेको गोलभेडा भने छोटो समयका लागि हावा नछिर्ने भाँडोमा राख्न सकिन्छ, तर सामान्य अवस्थामा कोठाको तापक्रममै राख्नु उपयुक्त हुन्छ।

# दिगो कृषि...........

भइरहेको छ। आजको समयसम्म पनि हामीले एउटा 'स्यान्ड अपरेटेड सेयरिङ मेसिन' दिन सकेका छैनौं। त्यस्तै हामीले ऊन सफा गर्ने र त्यसबाट धागो बनाउने र बुन्ने कामलाई पनि उन्नत बनाउन सकेका छैनौं। हामी राडी, पाखी, काम्लोमा सीमित भइरहेका छौं। त्यसमा सुधार गर्न सकिन्छ। त्यस्तै, मौरीपालन र मह उत्पादन फस्टाएको छ, तर गुणस्तर कायम गर्ने चुनौती छ।

त्यस्तै हामीले केसर खेती गर्न सकिने सम्भावना छ भने कस्तुरी खेती पनि गर्न सकिन्छ। कृषिको क्षेत्रमा हामीसँग अथाह सम्भावना छन्। महँगो मूल्यमा बिक्ने गुच्ची च्याउको खेतीलाई पनि विस्तार गर्न सकिन्छ। जसरी निजी क्षेत्रलाई आर्थिक विकासको इन्जिन मानिन्छ, त्यसैगरी राष्ट्रिय अर्थतन्त्रको श्रीवृद्धिका लागि 'ट्रेड' अर्थात् व्यापारलाई मुख्य तत्व मानिन्छ। हाम्रो देशमा कृषिजन्य उत्पादन हुनसक्ने भएकाले तथा हाम्रो कृषिमा आधारित सामाजिक अवस्था भएकाले हामीले हाम्रो आन्तरिक र बाह्य व्यापारमा कृषिलाई प्राथमिकता दिँदै कृषि व्यापारलाई बढाउँदै लैजानुपर्ने देखिन्छ।

त्यसका लागि हामीले तत्काल के गर्न सक्छौं, ती काम गरेर कृषि व्यापारको क्षेत्र बढाउँदै लैजानुपर्ने हुन्छ। जस्तो, काठमाडौं उपत्यकामा दिनकै हजारौं राँगा, लाखौं कुखुरा, हजारौं खसीबोका खपत हुन्छन्। तर तिनको मासु मात्रै खपत हुन्छ; छाला, रौं, भुत्ला, हड्डी उपयोग हुँदैन। त्यसैले शहरी क्षेत्रमा पालिकासँगको सहकार्यमा वधशाला बनाउँदा छालाहरूको उपयोग हुने छालामा आधारित उद्योग बनाउन सकिन्छ, रोजगारी उत्पादन गर्न सकिन्छ। रौं र भुत्लाबाट थप उद्योग विस्तार हुन सक्छ। इजरायल मरुभूमिको देशले कृषि क्रान्ति गरेको छ। उसले कृषिका लागि चाहिने आवश्यक लगानी यथेष्ट रूपमा गरेको छ। आज त्यही मरुभूमिमा तरकारी टिप्न र खेतीका काम गर्न जाने नेपालीले यहाँको भन्दा राम्रो आम्दानी पाएर यहाँको गाउँठाउँ छाडेर जाँदा हाम्रा उत्पादनशील गाउँठाउँ बाँझो बन्न पुगेका छन्। अहिले हामी इजरायली मोडलको 'थोपा सिंचाइ' को कुरा गर्छौं। म सन् १९७२ मा इजरायल पुग्दा उनीहरूले के बताए भने, खानेपानीका लागि जडान गरिएको पाइपभन्दा १० गुणा पाइप खेती गर्ने ठाउँमा लगाइएको छ।

अहिले आएर इजरायलको कृषि उत्पादन सबैलाई आश्चर्यमा पार्ने खालको छ। त्यहाँ हुने 'जाफा अरेन्ज' एक हेक्टरमा २६२ टन उत्पादन हुन्छ। हाम्रो सुन्तलाको उत्पादन प्रतिहेक्टर ३० टन मात्रै छ। त्यस्तै उनीहरूले एक हेक्टरमा ३०० टन गोलभेँडा खेती गर्छन्, हाम्रोमा भने प्रतिहेक्टर ३० टन छ। हाम्रामा दिनको ४० लिटरसम्म दूध दिने गाई पनि आएका छन्, चीनतिरबाट। जबकि इजरायलमा औसत गाईले दिनकै १५० लिटरसम्म दूध दिन्छन्।

इजरायलले गर्न सक्छ भने हामी किन गर्न सक्दैनौं ? त्यो तहमा गर्न सकिएला वा नसकिएला त्यो अर्कै कुरा हो, तर प्रयास त गर्नुपर्‍यो नि ! त्यसैले हामी कृषिविज्ञहरूले अब सरकारलाई के सोध्नुपर्ने बेला भइसकेको छ भने, 'कृषि शिक्षा, कृषि विस्तार र कृषि अनुसन्धानलाई उपयोग गर्न चाहन्छौ कि चाहनौ ?' कृषि शिक्षा, अनुसन्धान र विस्तारलाई एकै लयमा मिलाएर हिँड्न सक्यौं भने मात्र हाम्रो देशको अर्थतन्त्रको केन्द्र कृषि बन्न जाने निश्चित छ।

साभार: अनलाइनखबरडटकम

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि

सम्पर्क इमेल : sdainik99@gmail.com

मो.नं.: ९८५४०२०९२२

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# टुटेश्वरनाथमा साउने सोमबार भक्तजनको घुइँचो

दैनिक समाचारदाता
महोत्तरी, ४ साउन । साउने महिनाको पहिलो सोमबारका अवसरमा महोत्तरीको बर्दिबास नगरपालिका(५ स्थित चुरे पर्वतको काखमा रहेको टुटेश्वरनाथ महादेव मन्दिरमा सोमबार बिहानैदेखि श्रद्धालुभक्तको उल्लेख्य भीड लागेको छ।

'मधेशको कैलास' तथा 'नेपालको बाबाधाम'का रूपमा परिचित यस धार्मिकस्थलमा नेपालका विभिन्न जिल्लाका साथै भारतका सीमावर्ती क्षेत्रबाट आएका हजारौँ भक्तजनले भगवान् शिवको जलाभिषेक र पूजाआराधना गरिरहेका छन्।

हिन्दू धर्मावलम्बीका लागि भगवान् शिवको प्रिय महिना मानिने साउनमा प्रत्येक सोमबार विशेष धार्मिक महत्व रहने विश्वास छ। यही आस्थाका कारण हरेक वर्ष आयोजना हुने साउने बोलबम मेलाले टुटेश्वरनाथलाई धार्मिक, सांस्कृतिक तथा पर्यटनको महत्वपूर्ण गन्तव्यका रूपमा स्थापित गरेको छ।

टुटेश्वरनाथको शिवलिङ्ग अत्यन्त प्राचीन रहेको जनविश्वास छ। स्थानीय परम्पराअनुसार यसको इतिहास त्रेतायुगका विदेहराज शिरध्वज जनकको




शासनकालसँग जोडिएको छ। द्वापरयुगमा वनवासका क्रममा पाण्डवहरूले यही स्थानमा भगवान् शिवको आराधना गरेको तथा अर्जुनले किरात रूपधारी भगवान् शिवको दर्शन यहीँ गरेको धार्मिक विश्वास पनि रहिआएको छ।

पूर्वीय दर्शनका जानकार भोगेन्द्रराज पौडेलले टुटेश्वरनाथ धार्मिक आस्थाको केन्द्र मात्र नभई ऐतिहासिक र पुरातात्त्विक दृष्टिले पनि महत्वपूर्ण स्थल भएकाले यसको थप अध्ययन तथा प्रचार(प्रसार आवश्यक रहेको बताउनुभयो।

टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समितिका अनुसार पछिल्ला पाँच वर्षदेखि साउन महिनाभर करिब २० लाख श्रद्धालुभक्तले मन्दिरमा दर्शन गर्दै आएका छन्। यस वर्ष भक्तजनको सङ्ख्या अझ बढ्ने अपेक्षा गरिएको छ।

मेला व्यवस्थापनका लागि सरसफाइ, रङरोगन, सजावट, अस्थायी टहरा निर्माण तथा अन्य आवश्यक तयारी पूरा गरिएको समितिका अध्यक्ष राजाराम यादवले जानकारी दिनुभयो। उहाँका अनुसार मेला व्यवस्थापनमा सरकारी निकाय, जनप्रतिनिधि र विभिन्न सामाजिक सङ्घसंस्थाको सक्रिय सहयोग रहेको छ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले श्रद्धालुको सुरक्षालाई ध्यानमा राखी नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरिएको बताउनुभयो। भीड व्यवस्थापन, ट्राफिक सञ्चालन र आकस्मिक उद्धारका लागि आवश्यक सम्पूर्ण तयारी पूरा गरिएको उहाँको भनाइ छ।

यस वर्ष पनि भक्तजनले कमला, बागमती र रातु नदीबाट पवित्र जल ल्याएर टुटेश्वरनाथमा जल चढाइरहेका छन्। बर्दिबास(१ का जीवनाथ पोखरेलले रातु नदीबाट जल बोकेर उल्टो साइकल चलाउँदै मन्दिरमा जल चढाउने अभियान सञ्चालन गरी धार्मिक पर्यटन प्रवर्द्धनको सन्देश दिनुभएको छ।

नेपाल होटल तथा पर्यटन व्यवसायी सङ्घ, महोत्तरीका अध्यक्ष गुञ्जबहादुर कार्कीले चुरे क्षेत्रका धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रचार(प्रसारमार्फत धार्मिक पर्यटनको विकास गर्न सके मधेश प्रदेशको आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो।

साउने बोलबम मेलाका अवसरमा विभिन्न सामाजिक सङ्घसंस्थाले श्रद्धालुभक्तका लागि निःशुल्क खानेपानी, प्राथमिक उपचार, स्वास्थ्य परामर्श तथा स्वयंसेवा सेवा सञ्चालन गरेका छन्। धार्मिक आस्था, सांस्कृतिक परम्परा र पर्यटन प्रवर्द्धनको संगम बनेको टुटेश्वरनाथमा साउने सोमबार हजारौँ श्रद्धालुभक्तको घुइँचो लागेको छ।

# छात्रामाथि दुर्व्यवहार आरोपमा तीन जना पक्राउ

मोरङ, ४ साउन । मोरङको सुन्दरहरैँचा नगरपालिका(१० स्थित सुकुना माध्यमिक विद्यालयकी छात्रामाथि अमर्यादित व्यवहार गरेको आरोपमा एक शिक्षक र दुई कर्मचारीलाई प्रहरीले पक्राउ गरी अनुसन्धान सुरु गरेको छ।

घटनापछि विद्यालयले आरोपित तीनै जनालाई निलम्बन गरेको छ भने सुन्दरहरैँचा नगरपालिकाले निष्पक्ष छानबिन गरी कानुनी प्रक्रिया अघि बढाउन निर्देशन दिएको छ।

जिल्ला प्रहरी कार्यालय मोरङका अनुसार पक्राउ पर्नेमा सुन्दरहरैँचा(१० का ४० वर्षीय प्रदीप भट्टराई, सुन्दरहरैँचा(२ का ३० वर्षीय किशोरलाल गच्छदार र सुन्दरहरैँचा(१२ का ३५ वर्षीय अबिरल मास्के रहेका छन्। उनीहरूमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी मकेन्द्रकुमार मिश्रले सामाजिक सञ्जालमा सार्वजनिक भएका गुनासा र प्राप्त उजुरीका आधारमा अनुसन्धान अघि बढाइएको जानकारी दिए। अनुसन्धानका क्रममा अन्य व्यक्तिको संलग्नता पुष्टि भए कानुनबमोजिम कारबाही गरिने उनले बताए।

घटनापछि सुन्दरहरैँचा नगरपालिकाले विज्ञप्ति जारी गर्दै घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। प्रमुख प्रशासकीय अधिकृत गणेशराज कार्कीद्वारा जारी विज्ञप्तिमा आरोपित शिक्षक तथा कर्मचारीलाई तत्काल निलम्बन गरी निष्पक्ष छानबिन गर्न विद्यालयलाई निर्देशन दिइएको उल्लेख छ।

नगरपालिकाको निर्देशनपछि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको संयुक्त बैठकले प्रदीप भट्टराई, भीमप्रसाद नेपाल र अबिरल मास्केलाई अनुसन्धान नसकिँदासम्म निलम्बन गर्ने निर्णय गरेको छ। विद्यालयका अनुसार नेपाल संगीत प्रशिक्षक, मास्के शिक्षक र भट्टराई विद्यालय बसका चालक हुन्।

यसअघि सामाजिक सञ्जालमा केही छात्राले शिक्षक तथा कर्मचारीबाट अनुचित व्यवहार भएको आरोप सार्वजनिक गरेपछि घटना बाहिर आएको थियो। त्यसयता नगर बाल सञ्जाल, कानुन विद्यार्थी समाजलगायत विभिन्न संघसंस्थाले निष्पक्ष छानबिन, पीडितको सुरक्षा र दोषी प्रमाणित भए कडा कानुनी कारबाहीको माग गरेका छन्।

# गौर भन्सारले लक्ष्यभन्दा ४१ प्रतिशत बढी राजस्व उठायो

दैनिक समाचारदाता
रौतहट, ४ साउन । गौर भन्सार कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा निर्धारित लक्ष्यभन्दा ४१.१४ प्रतिशत बढी राजस्व संकलन गरेको छ। कार्यालयले गत आर्थिक वर्षमा ४६ करोड ९९ लाख रुपैयाँ राजस्व उठाएको हो ।

कार्यालयलाई गत आर्थिक वर्षका लागि ३३ करोड २९ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य दिइएको थियो। तर लक्ष्यभन्दा करिब १३ करोड ७० लाख रुपैयाँ बढी राजस्व संकलन गर्न सफल भएको गौर भन्सार कार्यालयले जनाएको छ।

कार्यालयका प्रमुख भन्सार अधिकृत विकासकुमार रजकका अनुसार मङ्सिरदेखि असारसम्म राजस्व संकलनमा उल्लेख्य वृद्धि भएको थियो। असारमा मात्र ५ करोड ९४ लाख रुपैयाँ राजस्व उठेको, जुन मासिक लक्ष्यको २०७.९१ प्रतिशत हो। वैशाख, जेठ, पुस, चैत र मङ्सिरमा पनि लक्ष्यभन्दा उल्लेख्य बढी राजस्व संकलन भएको उहाँले जानकारी दिनुभयो।

गौर भन्सार कार्यालयले चोरी निकासी तथा पैठारी नियन्त्रणमा



पनि उल्लेखनीय सफलता हासिल गरेको जनाएको छ। आर्थिक वर्ष २०८२/८३ मा कार्यालयको गस्ती टोलीले ११ लाख २६ हजार ६९४ रुपैयाँ बराबरका २२ वटा मुद्दा दर्ता गरेको छ।

त्यस्तै, सशस्त्र प्रहरी बलले ४ करोड ५ लाख १९ हजार ११० रुपैयाँ बराबरका ४८१ वटा तथा नेपाल प्रहरीले ५ करोड ५५ लाख १८ हजार १०६ रुपैयाँ बराबरका १५१ वटा चोरी निकासी तथा पैठारीसम्बन्धी मुद्दा दर्ता गराएका छन्।

चोरी पैठारीका अभियोगमा जफत गरिएका मालवस्तु र सवारीसाधन लिलाम बिक्रीबाट पनि कार्यालयले थप राजस्व संकलन गरेको छ। कार्यालयका अनुसार १ करोड ६९ हजार ६७४ रुपैयाँ बराबरका मालवस्तु तथा १ करोड ३३ लाख १४ हजार ९७५ रुपैयाँ बराबरका सवारीसाधन लिलाम बिक्री गरिएको छ।

भन्सार प्रशासनले राजस्व संकलनमा भएको वृद्धि प्रभावकारी निगरानी, राजस्व चुहावट नियन्त्रण, आयात कारोबारमा आएको विस्तार तथा कार्यालयको कार्यसम्पादनमा सुधारको परिणाम भएको जनाएको छ। गौर भन्सार कार्यालयको यो उपलब्धि गत आर्थिक वर्षमा देशभरका भन्सार कार्यालयमध्ये उल्लेखनीय कार्यसम्पादनका रूपमा हेरिएको छ।

# बारामा एक सातामै डुबेर दुई बालिकाको मृत्यु

दैनिक समाचारदाता
बारा, ४ साउन । बारामा एक साताको अवधिमा पानीमा डुबेर दुई बालिकाको मृत्यु भएपछि वर्षायाममा बालबालिकाको सुरक्षाप्रति गम्भीर चिन्ता बढेको छ। फरक(फरक स्थानमा भएका दुवै घटनामा पानी जमेको ठाउँमा डुबेर बालिकाले ज्यान गुमाएका हुन्।

आइतबार साँझ सुवर्ण गाउँपालिका(७ चौरहियास्थित धानखेतमा जमेको पानीमा डुबेर १८ महिनाकी लालुकुमारी महतोको मृत्यु भएको छ। उनी महागढीमाई नगरपालिका(९ बलुवाका राजेन्द्र महतोकी छोरी हुन्।

मावली घर आएकी लालुकुमारी घर पछाडि रहेको धानखेत नजिक खेल्ने क्रममा सम्पर्कविहीन भएकी थिइन्। परिवारका सदस्यले खोजी गर्ने क्रममा उनलाई पानीमा डुबेको अवस्थामा फेला पारेका थिए। तत्काल उद्धारको प्रयास गरिए पनि घटनास्थलमै उनको मृत्यु भएको बड्कीफुलबरिया प्रहरी चौकीले जनाएको छ।

बालिकाको शव प्रादेशिक अस्पताल कलैयामा पोस्टमार्टम गरिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक मिनबहादुर



घलेले जानकारी दिनुभयो।


यसअघि असार ३२ गते करैयामाई गाउँपालिका(३ मा पनि यस्तै घटना भएको थियो। गौतम इँटा उद्योगले माटो उत्खननपछि छाडेको खाल्डोमा जमेको पानीमा डुबेर स्थानीय शिवनारायण चौधरीकी ११ वर्षीया छोरी रोशनी चौधरीको मृत्यु भएको थियो। बाख्रा चराउन गएकी रोशनी उद्योग परिसर नजिकैको पानी भरिएको खाल्डोमा डुबेको अवस्थामा फेला परेकी थिइन्।

लगातार भएका यी घटनाले वर्षायाममा खेत, पोखरी, कुलो, उत्खननपछि बनेका खाल्डा तथा अन्य स्थानमा जमेको पानी बालबालिकाका लागि घातक बन्दै गएको देखिएको छ।

प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले विशेषगरी डेढदेखि पाँच वर्ष उमेर समूहका बालबालिका डुब्ने उच्च जोखिममा रहने भएकाले उनीहरूलाई एक्लै नछाड्न अभिभावकलाई आग्रह गर्नुभएको छ। साथै, इँटा उद्योग तथा अन्य निर्माण प्रयोजनका लागि खनिएका खाल्डा खुला नछाड्न, जोखिमयुक्त स्थानमा घेराबार र चेतावनी बोर्ड राख्न तथा वर्षायाममा सार्वजनिक सुरक्षा उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ।

नागरिक समाज बारा अध्यक्ष उमेशलाल दासले लगातार भएका यस्ता घटनाले वर्षायाममा बालबालिकाको सुरक्षाप्रति अभिभावक र सरोकारवाला निकाय दुवै थप जिम्मेवार बन्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ।


अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४